annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ७५, पृष्ठ ८ | काठमाडौं, मंगलबार ३० असार २०८३ | आषाढ कृष्णपक्ष औंसी नेपाल संवत् ११४६ | TUESDAY, JULY 14, 2026 | मूल्य : रु. १०



आवरण समाचार

## बदलिँदो मौसमले संकटमा मधेस

जलवायु परिवर्तन र तापमान वृद्धिका कारण निम्तिएको चरम मौसमी अनिश्चितताले यस वर्ष मधेस प्रदेशको कृषि प्रणाली गम्भीर संकटमा परेको छ। वैशाखको असमय वर्षा, हावाहुरी र जेठ-असारको चर्को खडेरीका कारण धानको ब्याड राख्न र रोपाइँ गर्न ढिलाइ हुँदा असार मसान्तसम्म मधेसमा जम्मा ३३ प्रतिशत मात्र रोपाइँ हुन सकेको छ। मनसुनको फेरबदल र भूमिगत जलस्तर निरन्तर खस्कँदा धान र प्रमुख नगदेबाली आँपको उत्पादनमा भारी गिरावट आएको छ। जसले चालु आर्थिक वर्षमा मधेस प्रदेशको आर्थिक वृद्धिदर सातै प्रदेशमध्ये सबैभन्दा कम अर्थात् १.३१ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरिएको छ।

**मनिका झा** | *जनकपुरधाम*

विस्तृत पृष्ठ २

# मिडिया तर्साउन ‘पार्किङ आतंक’

### एउटै समूहले काठमाडौंका विभिन्न मूलधारका सञ्चारगृहमा गाडी तेर्स्याएर आवागमन अवरुद्ध गराएको छ।



**शेखर अधिकारी/अजवी पौड्याल** | *काठमाडौं*

आतंकित बनाउने उद्देश्यले सोमबार बिहान काठमाडौंका प्रमुख मूलधारका सञ्चारमाध्यमका कार्यालय अबरुद्ध हुने गरी एउटै समूहले गाडी पार्किङ गराएका छन्।

सोमबार बिहान करिब ७ बजेदेखि नयाँबानेश्वरस्थित अनलाइनखबर डटकममा बा १२ च ८५४५, मध्यबानेश्वरस्थित हिमालय टेलिभिजनमा बा १० च १२५५ र तीनकुनेस्थित कान्तिपुर मिडिया ग्रुपको कार्यालयमा बागमती प्रदेश ०१-०३४ च ८४८० को गाडी गेटै थुन्ने गरी पार्किङ गरिएएको थियो।

सञ्चारमाध्यमसँगै नेपाली कांग्रेसका सभापति गगनकुमार थापाको रातोपुलस्थित निवास र अनामनगरको भाटभटेनी सुपरमार्केट अगाडि पनि गाडी राखेर बाटो अवरोध गरियो। थापाको निवास अगाडि बीएसी ९५७५ नम्बरको गाडी पार्किङ गरिएको थियो भने भाटभटेनी अगाडि बागमती प्रदेश ०३३ च ४२७५ नम्बरको गाडी राखिएको थियो। यतिमा मात्रै उनीहरू रोकिएनन्, उसै पनि साँघुरो रहेको पुरानो बानेश्वरको बीचमा गाडी छाडेर नागरिकलाई सास्ती दिने काम भएको छ।

सरकारका नागरिक विरोधी कदम, सुकुम्बासी समस्या र गणेश नेपालीको आत्मदाह प्रकरण जस्ता विषयमा प्रश्न उठाउँदै आएका सञ्चारगृहहरूलाई त्रसित बनाउने उद्देश्यले उनीहरूका कार्यालय अगाडि गाडी पार्किङ गरी दबाब सिर्जना गर्ने उद्देश्य राखिएको पाइन्छ। न्युरोडमा आइतबार साँझ पनि सवारी साधन तेर्स्याउँदै जाम गराइएको थियो।

‘आज सञ्चारमाध्यमहरूलाई भौतिक र आक्रामक रूपमै बन्द गराउने र जनताको आवाज थुन्ने निकै निन्दनीय कोसिस भएको छ,’ नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले भनिन्, ‘नागरिकका आवाज बोक्ने मिडियामाथि राज्यले नै आतंक फैलाएर प्रेसको मुख थुन्ने काम गरेको छ।’

महासंघका महासचिव रामप्रसाद दाहालले सोमबार नै विज्ञप्ति जारी गर्दै ‘राज्यले मिडियामाथि नियन्त्रण कायम गर्ने र मुख थुन्ने प्रयास गरेको’ भन्दै भर्त्सना गरेका छन्। महासंघले तत्काल गाडीको अवरोध हटाई सञ्चारकर्मी र सञ्चारगृहको सुरक्षा सुनिश्चित गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गरेको छ। काठमाडौंका केही सञ्चारगृहको गेट अगाडि पत्रकार र पत्रकारका सवारीसाधन अवरोध गर्ने उद्देश्यले शंकास्पद रूपमा गाडी राखेको सूचनालगत्तै अध्यक्ष निर्मला शर्मा, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य र सचिव रमेश खतिवडाको टोलीले स्थलगत अध्ययन गरेको थियो। बिहान ७ बजे आवागमन अवरुद्ध हुने गरी राखिएका गाडी प्रहरीले दिउँसो १ बजेमात्रै हटाएको थियो। महासंघले राज्यकै संलग्नतामा आतंक सिर्जना गरिएको आशंका गरेको छ।

**को हुन् गाडी धनी ?**

घटनाबारे बिहान साढे १० बजे नै प्रहरी र ट्राफिक प्रहरीलाई खबर गरिए पनि करिब ४ घण्टापछि मात्र क्रेनको सहयोगमा गाडीहरू हटाइएको थियो। कान्तिपुरले आफ्नै खर्चमा क्रेन बोलाएर गाडी हटाएको थियो भने अनलाइनखबर अगाडिको गाडी ट्राफिकले भाडाको क्रेन ल्याएर साढे ११ बजेतिर हटाएको थियो।

» बाँकी पृष्ठ ६

